जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# दित्तेल रुपाकोट मझुवागढी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ३ मितिः २३ जेष्ठ, २०७५ साल

# भाग-१

**दित्तेल रुपाकोट मझुवागढी नगरपालिकाद्वारा प्रकाशित**

## दित्तेल रुपाकोट मझुवागढी नगरपालिकाको प्रशासकीय कार्यविधि

## (नियमित गर्ने) ऐन, २०७५

दिरुमनपा, नगर कार्यपालिकाको कार्यालय

# दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यो ऐनको नाम "दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" रहेको छ।

(२) यो ऐन दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

**२. परिभाषा :**

(१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "ऐन" भन्नाले "दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिका सम्झनु पर्छ।

(ग) "नगरपालिका" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगर सभा सम्झनु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

दिरुमनपा, नगर कार्यपालिकाको कार्यालय

३. **नियम बनाउने अधिकार** :

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:**

(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ।

(२) यो ऐन जारी हुनु भन्दा अगाडी साविक नगरपालिका वा नगर कार्यपालिकाले जारी गरेका निर्देशिका, कार्यविधी, नियम, विनियम वा मापदण्डहरु यसै ऐन बमोजिम जारी भएको मानिनेछ।

**प्रमाणीकरण मिति: २०७५।०२।१५**

**आज्ञाले,**

**आनन्द राज पोखरेल**

**प्रमुख प्रशासकीय अधिकृत**

दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिकाको कार्यालय